# "ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्ने सम्बन्धी निर्देशिका, २०७६"

**प्रस्तावनाः**

ढुवानी सेवामा मूल्य अभिवृद्धि कर लगाउने सम्वन्धमा भएको व्यवस्थालाई सरलीकृत गरी प्रक्रियागत स्पष्टता, पारदर्शीता र अनुमानयोग्य बनाई कर कानूनको परिपालना र कर सहभागिता सुनिश्चित गर्न वाञ्छनीय भएकोले, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयले देहायको निर्देशिका तयार गरी लागू गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस निर्देशिकाको नाम "ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्ने सम्बन्धी निर्देशिका, २०७६" रहेको छ ।

ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद - २

## परिभाषा

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः**

क) "व्यक्ति" भन्नाले स्थायी लेखा नम्बर लिई वा नलिई व्यवसायिक कारोबारमा संग्लग्न प्राकृतिक व्यक्ति वा कानून बमोजिम दर्ता भएका संस्था, फर्म वा कम्पनी समेत सम्झनुपर्छ ।

ख) "कारोवार" भन्नाले ढुवानीको साधनबाट सेवा आपूर्ति गर्ने कार्य सम्झनुपर्छ ।

ग) "सेवा" भन्नाले वस्तु बाहेकको जुनसुकै कुरा सम्झनुपर्छ ।

घ) "ढुवानी व्यवसायी" भन्नाले विभिन्न ढुवानीको साधनबाट माल वस्तुको ओसार पसार कार्यमा प्रत्यक्ष संग्लग्न रहेको व्यक्ति सम्झनुपर्छ र यस्तो शब्दले फ्रेट फरवार्डर र कार्गो व्यवसायी समेतलाई जनाउँदछ ।

ङ) "ढुवानीको साधन" भन्नाले ट्रक, ट्याङ्कर, हवाईजहाज, हेलिकप्टर, रोपवे, केवलकार, रज्जुमार्ग, जल यातायात, जनावर मार्फत वा अन्य कुनै किसिमले सेवा शुल्क लिई मालसामान ढुवानी गर्ने साधनलाई जनाउँदछ ।

च) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनुपर्छ ।

छ) "कार्यालय" भन्नाले ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालयलाई सम्झनुपर्छ र सो शब्दले कर प्रयोजनको लागि नेपाल सरकारले स्थापना गरेको अन्य जुनसुकै कर कार्यालय समेतलाई जनाउँदछ ।

ज) "ऐन" भन्नाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ सम्झनुपर्छ ।

झ) "नियमावली" भन्नाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ सम्झनुपर्छ ।

ञ) "सेवा शुल्क" भन्नाले कुनै ढुवानी व्यवसायीले उपलब्ध गराएको ढुवानी सेवा वा ढुवानी कार्यको संयोजन बापत निजलाई बजार मूल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनुपर्छ ।

ट) "बीजक" भन्नाले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ बमोजिमको कर बीजक सम्झनुपर्छ ।

## परिच्छेद - ३

## व्यवसाय दर्ता, संचालन तथा अन्य व्यवस्था

### ३. मूल्य अभिबृद्धि करमा दर्ता गर्ने सम्बन्धमाः

क) ढुवानीको साधनबाट माल वस्तुको ओसार पसार कार्यमा प्रत्यक्ष संलग्न कुनै व्यक्तिको वार्षिक कारोवार २० लाख रुपैंयाँ नाँघ्ने अनुमान गर्न सकिने अवस्था भएमा त्यस्तो अवस्था खुलाई दर्ताको लागि निवेदन दिनुपर्नेछ । यसरी अनुमान गर्न सकिने अवस्था नभैं कसैले गरेको कारोवार वीस लाख रुपैंयाँ नाँघ्न गएमा त्यसरी नाघेको मितिले ३० दिनभित्र दर्ताको लागि कर अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

ख) विगत १२ महिना अवधिको कारोवार २० लाख रुपैंयाँ भन्दा कम हुने ढुवानी व्यवसायीले स्वेच्छाले दर्ता हुन चाहेमा वाहेक मूल्य अभिबृद्धि करमा दर्ता नगरी कारोवार गर्न सक्नेछ ।

ग) ढुवानीका साधन व्यावसायिक रुपमा आफैंले सञ्चालन नगरी सम्झौता गरी अन्य व्यक्ति वा संस्थालाई भाडामा प्रयोग गर्न दिएको अवस्थामा त्यस्तो भाडाबाट विगत १२ महिनाको अवधीमा रु. २० लाखभन्दा बढीको कारोवार भएमा भाडामा दिने व्यक्ति मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्नेछ । भाडामा लिने व्यक्तिले दर्ता हुनुपर्ने सीमाभन्दा बढीको कारोवार गरेमा दर्ता हुनुपर्नेछ ।

घ) दर्ताको लागि व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म/व्यक्ति वा कम्पनीको मालिक, सञ्चालकको नागरिकताको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो र व्यवसाय सञ्चालन रहने

स्थानको स्वामित्व आफ्नै भएमा जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि र घरभाडामा लिई सञ्चालन गर्ने भएमा घरभाडा सम्झौताको प्रतिलिपि संलग्न गरी दरखास्त दिनुपर्नेछ ।

## ४. विजक जारी गर्ने सम्बन्धमाः

क) मूल्य अभिबृद्धि करमा दर्ता भएको ढुवानी व्यवसायीले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ बमोजिमको कारोवारमा दफा १४ बमोजिम कर विजक जारी गर्नुपर्नेछ ।

ख) नेपालमा मूल्य अभिबृद्धि करमा दर्ता भएको ढुवानी व्यवसायीले नेपाली आयातकर्ताको तर्फबाट विदेशी भूमिदेखि आयातकर्ताको कारोवारस्थलसम्म नै ढुवानी कार्यको संयोजन र ढुवानी गरिदिने भएमा नेपालको भन्सार विन्दुदेखि आयातकर्ताको कारोवारस्थलसम्म गरिने ढुवानी सेवा वापतको रकम र विदेशी भूमिमा ढुवानी कार्यको व्यवस्थापन गरिदिए वापत लिने सेवा शुल्कको रकममा मूल्य अभिबृद्धि कर असूल गर्नुपर्नेछ ।

ग) नेपालमा दर्ता भएको फ्रेट फरवार्डर तथा कार्गो व्यवसायीले नेपाली आयातकर्ताको प्रतिनिधि भई विदेशी भूमिदेखि आयातकर्ताको कारोवारस्थलसम्म नै ढुवानी कार्यको संयोजन र ढुवानी गरिदिने भएमा नेपालको भन्सार विन्दुदेखि आयातकर्ताको कारोवारस्थलसम्म ढुवानी सेवा उपलब्ध गराए वापत लिइने रकम वा सेवा शुल्क तथा विदेशमा सेवा दिए वापत लिइने सेवा शुल्कमा मूल्य अभिबृद्धि कर असूल गर्नुपर्नेछ।

घ) ढुवानी व्यवसायीले मूख्य कार्यालयबाट वीजक जारी गर्नुपर्नेछ । देशका विभिन्न भागमा ढुवानीको कार्य गर्नको लागि शाखा खोलिएको भएमा शाखा कार्यालयबाट वीजक जारी गर्न वाधा पर्नेछैन । मूख्य तथा शाखा कार्यालयबाट वीजक जारी गर्न कठिनाई हुने अवस्थामा अनलाईन विजक जारी गर्ने स्वीकृति लिएर देशको सवै भू-भागबाट वीजक जारी गर्न सकिनेछ । अनलाईन प्रविधिमा नगएसम्मको लागि ढुवानीको साधनमा नै वीजकको ठेली राखी वीजक जारी गर्न सकिनेछ । तर कुन कुन सिरियलको वीजक कुन ढुवानीको साधनमा रहेको छ भन्ने स्पष्ट खुल्ने विवरण मूख्य कार्यालयमा अद्यावधिक गरी राख्नुपर्नेछ । ढुवानीको समयमा ढुवानी सेवाको लागि जारी गरिएको वीजकको प्रमाण ढुवानी साधनको साथमा रहेको हुनुपर्नेछ ।

## ५. विवरण दाखिला गर्ने सम्बन्धमाः

क) ढुवानी व्यवसायीहरुले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम पेश गर्नुपर्ने कर विवरण मासिक रुपमा विवरण पेश गर्नुपर्नेछ ।

ख) आयकर ऐन, २०५८ को दफा ९५ बमोजिमको अनुमानित करको विवरण तयार गरी दफा ९४ बमोजिम दाखिला गर्नुपर्ने किस्ताबन्दी कर रकममध्ये पहिलो किस्ताको कर रकम वुझाउनुपर्ने मितिभित्र पेश गर्नुपर्नेछ । यस्तो अनुमानित आय विवरण बमोजिम दाखिला गर्नुपर्ने अग्रिम कर रकमबाट विभिन्न निकायबाट अग्रिम रुपमा कर कट्टी भई दाखिला भएको रकम घटाई खुद दाखिला गर्नुपर्ने रकम पौष मसान्त, चैत्र मसान्त र असार मसान्त भित्र दाखिला गर्नुपर्नेछ ।

ग) आय विवरण दाखिला गर्दा पुरानो मितिमा खरिद गरिएका ढुवानी साधनहरुको ह्रास खर्च कट्टी गर्ने सम्बन्धमा त्यस्तो साधनलाई आयकर ऐन, २०५८ को अनुसूची-२ को दफा १ को समूह 'घ' मा समावेश गरी खरिद मितिदेखि आय विवरण पेश गर्नु नपर्ने अवस्थाको प्रत्येक वर्षको ह्रास खर्च घटाई बांकि रहेको मूल्यमा ह्रास खर्च कट्टी गर्नुपर्नेछ ।

## ६. <u>विदेशी सेवा प्रदायकबाट सेवा लिने व्यक्तिको दायित्वः</u>

क) नेपाल सरहद भित्र विदेशी सेवा प्रदायकबाट मालसामान ढुवानी गराउने व्यक्तिले त्यस्तो सेवा वापतको रकम भुक्तानी गर्दा वा सेवा प्राप्त गरेको समयमध्ये जुन पहिले हुन्छ सो समयमा कर लाग्ने मूल्यमा कर निर्धारण र असुल उपर गर्नुपर्नेछ ।

# <u>परिच्छेद - ४</u>

# <u>विविध</u>

## ७. <u>खारेजी र बचाउः</u>

क) निर्देशिकामा लेखिएका विषयहरु सम्वन्धित ऐन तथा नियमावलीसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

ख) यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा अड्काउ आएमा विभागले त्यस्तो वाधा अड्काउ फुकाउन वा यस निर्देशिकाको व्याख्या गर्न सक्नेछ ।

ग) ढुवानी सेवामा मू.अ.कर कार्यान्वयन गर्ने सम्वन्धी निर्देशिका जारी गर्ने सम्वन्धमा यस अघि विभागबाट जारी गरिएका परिपत्र खारेज गरिएको छ ।